राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ६ अंक ३०२ २०८२ असार १४ गते शनिवार (28 June 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## एसईईको नतिजा सार्वजनिक : १ लाख ६७ हजार बढी अनुत्तीर्ण, १२६ को परीक्षा रद्द

दैनिक समाचारदाता
काठमाडौं, १३ असार । माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ को नतिजा आज सार्वजनिक गरिएको छ । राष्ट्रिय परीक्षा बोर्डका अनुसार यस वर्ष कुल १ लाख ६७ हजार ५९७ जना परीक्षार्थी अनुत्तीर्ण भएका छन्।

गत चैत ७ गतेदेखि सञ्चालन भएको एसईईमा ५ लाख १४ हजार ७१ जना परीक्षार्थी सहभागी भएका थिए। तीमध्ये ४ लाख ३८ हजार ८९६ जना नियमिततर्फका विद्यार्थी थिए।

बोर्डका अध्यक्ष डा. महाश्रम शर्माका अनुसार, यस वर्ष ६१.८१ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन्। उनी अनुसार, केही विद्यार्थीको परीक्षा रद्द भएको र केही अनुत्तीर्ण भएकाले समग्र नतिजा अपेक्षाअनुसार सन्तोषजनक नरहेको देखिन्छ। यसका अतिरिक्त १२६ जना परीक्षार्थीको परीक्षा रद्द गरिएको बोर्डले जनाएको छ।

नतिजाले एकातर्फ केही विद्यार्थीले उत्कृष्ट प्रदर्शन गरेका छन् भने अर्कातर्फ ठूलो संख्यामा विद्यार्थी असफल भएको देखिन्छ। यसले शिक्षण गुणस्तर, तयारीको अवस्था र मूल्यांकन प्रणालीप्रति गम्भीर प्रश्न खडा गरेको छ। शिक्षाविद्हरूले बोर्ड र सरोकारवालाहरूलाई नतिजा विश्लेषण गरी सुधारका उपायहरू अवलम्बन गर्न सुझाव दिएका छन्। परीक्षामा अनुत्तीर्ण भएका विद्यार्थीहरूका लागि वैकल्पिक प्रणाली, थप सहजीकरण र परामर्श सेवाको आवश्यकतामाथि पनि बल दिइएको छ।

यसपटक पनि माध्यमिक शिक्षा परीक्षा (एसईई)मा सबैभन्दा धेरै गणित विषयमा परीक्षार्थी अनुत्तीर्ण भएका छन्। आज सार्वजनिक गरिएको नतिजा अनुसार गणित विषयमा १ लाख २८ हजार २१५ परीक्षार्थी अनुत्तीर्ण भएका छन्। अंग्रेजीमा ८० हजार ६७२ विद्यार्थी अनुत्तीर्ण भए ।



### जीपीए अनुसार विद्यार्थीको विवरण:

- ३.६ देखि ४.० जीपीए: ४८,१७७ जना
- ३.२ देखि ३.६ जीपीए: ८१,३८५ जना
- २.८ देखि ३.२ जीपीए: ९९,१२४ जना
- २.४ देखि २.८ जीपीए: ४८,४७९ जना
- २.० देखि २.४ जीपीए: ४,१२६ जना
- १.६ देखि २.० जीपीए: ८ जना

### कुन विषयमा कति अनुत्तीर्ण ?

गणित : १ लाख २८ हजार २१५

अंग्रेजीमा : ८० हजार ६७२

साइन्स एण्ड टेक्नोलोजी : ७९ हजार २७१

नेपाली : ५४ हजार ७३५

सामाजिक : ५३ हजार १८६

अर्थशास्त्र : ४२ हजार १५०

ऐच्छिक गणित : १८ हजार २२२

## सहकारी कर्जा असुली न्यायाधीकरण गठन

दैनिक समाचारदाता
काठमाडौं, १३ असार । सरकारले कृतिबहादुर बस्नेतको अध्यक्षतामा कर्जा असुली न्यायाधीकरण गठन गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले भूमि व्यवस्था, सहकारी



तथा गरिबी निवारण मन्त्रालयको प्रस्तावमा बस्नेतको अध्यक्षतामा कर्जा असुली न्यायाधीकरण गठन गरेको एक मन्त्रीले जानकारी दिए ।

न्यायाधीकरणको सदस्यहरूमा धनकुटाका वसन्त पराजुली र तनहुँका गोविन्द शर्मा गैरै रहेका छन् ।

यसअघि बैंक तथा वित्तीय संस्थाको कर्जा असुली सम्बन्धी विवाद हेर्ने ऋण असुली न्यायाधीकरण भए पनि सहकारीको कर्जा असुली सम्बन्धी विवादहरू समाधान गर्ने कुनै निकाय थिएन ।

सहकारी ऐन २०७४ मा यससम्बन्धी व्यवस्था भए पनि कार्यान्वयन भने हुन सकेको थिएन । सूर्य थापा नेतृत्वको सहकारी छानबिन सम्बन्धी संसदीय छानबिन समितिको प्रतिवेदन लगायत अन्य अध्ययनहरूले समेत यस्तो न्यायाधीकरण बनाउन सुझाव दिएका थिए ।

मन्त्रिपरिषद बैठकले सार्वजनिक खरिद पुनरावलोकन समितिको संयोजकमा पूर्वसचिव रघुराम विष्टलाई नियुक्त गर्ने निर्णय पनि गरेको छ । समितिको सदस्यहरूमा इन्जिनियरिङ सेवाबाट रोहितकुमार बिसुराल र केही दिनपछि लागु हुनेगरी अर्का सदस्यमा थानेश्वर गौतमलाई नियुक्त गरेको छ । यसैगरी नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकमा पूर्वसचिव रामशरण पुडासैनी नियुक्त भएका छन् ।

मानसिक स्वास्थ्यप्रति सचेत बनौं

- निराश हुनु
- तनाव तथा चिन्तित महशुस हुनु,
- बेला बेलामा डर लाग्नु,
- पसिना आउनु
- गहिरो निद्रा नपर्नु लगायत मानसिक रोगका लक्षण हुन सक्छन्,

मानसिक समस्या निदानको लागि

- नियमित व्यायाम गरौं,
- आफ्ना भावना खुल्ला रुपमा व्यक्त गरौं,
- परिवार र साथीहरुसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
- आवश्यक परेमा मानसिक स्वास्थ्य विशेषज्ञसँग परामर्श गरौं,

स्वस्थ मन, सुखी जीवन

नेपाल सरकार
विज्ञापन बोर्ड

## सरकारप्रति मधेस केन्द्रित दलहरूको असन्तुष्टि : समर्थन फिर्ता, आन्दोलनको तयारी

दैनिक समाचारदाता
काठमाडौँ १३ असार । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारलाई समर्थन गर्दै आएका तराई-मधेस केन्द्रित दलहरू एकपछि अर्को गर्दै असन्तुष्टि जनाउन थालेका छन्। संविधान संशोधन, राजबन्दी रिहा, सुशासन र विकासका सवालमा सरकारको असफलताप्रति गम्भीर आपत्ति जनाउँदै ती दलहरूले समर्थन फिर्ता लिनेदेखि आन्दोलनको तयारीसम्म गरेका छन्।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल ले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरिसकेको छ। यद्यपि संसदीय दलको बैठक बसेर औपचारिक निर्णय दिन बाँकी रहेको पार्टीका महासचिव रामकुमार शर्माले बताएका छन्। उनका अनुसार, "सरकारप्रति जनताको ठूलो अपेक्षा थियो, तर त्यो



अनुसारको काम हुन सकेन।"

जनमत पार्टीले पनि मधेस प्रदेशको बजेटमा असन्तुष्टि जनाउँदै सरकारप्रति असहमति जनाएको छ। पार्टीको नेतृत्व गरेका डा. सीके राउतको भनाइ अनुसार, सरकारको काम कारबाहीको मूल्याङ्कनका लागि पार्टी बैठक बोलाइएको छ।

नागरिक उन्मुक्ति पार्टी, जसका संरक्षक रेशम चौधरी र अध्यक्ष रञ्जिता श्रेष्ठ हुन्, आन्तरिक द्वन्द्वका कारण सरकारसम्बन्धी स्पष्ट निर्णय लिन सकेको छैन। यद्यपि पार्टीको धारणा पनि सरकारप्रति सकारात्मक छैन।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले सरकारको कामप्रति बारम्बार असन्तुष्टि जनाउँदै आएका छन्। उनका अनुसार संविधान संशोधन, राजबन्दी रिहा र लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नेजस्ता विषयमा सरकार पूर्णतः चुप रहेको छ। लोसपाका महासचिव डा. सुरेन्द्र झाले भने, "हामी जस सहमतिमा सरकारमा गएका थियौं, ती बुँदाहरूमा कुनै काम भएको छैन।"

उनका अनुसार, लोसपाले सडक, सदन र सरकार तीनवटै मोर्चाबाट दबाब सिर्जना गरिरहेको छ। "संविधान संशोधन मुख्य एजेन्डा थियो, तर त्यसमा कुनै प्रगति छैन," झाको भनाइ छ।

यही पृष्ठभूमिमा मधेस केन्द्रित सात राजनीतिक दल मिलेर संघीय लोकतान्त्रिक मोर्चा गठन गरिएको छ। मोर्चाले सरकारप्रति गम्भीर असन्तुष्टि जनाउँदै मागहरू नपुरा भएको अवस्थामा आन्दोलनको विकल्प नभएको निष्कर्ष निकालेको छ।

राष्ट्रिय मुक्ति पार्टी नेपालका नेता केशव झाका अनुसार,

*बाँकी अन्तिम पृष्ठमा*

# अलग भए कुशल र शिवांगी



मुम्बई । लोकप्रिय टिभी कार्यक्रम 'बरसातें'मा सँगै देखिएका कुशल टन्डन र शिवांगी जोशी केही समयदेखि सम्बन्धमा थिए। तर, अब दुवैको ब्रेकअप भएको छ।

अभिनेता कुशल आफैंले सामाजिक सञ्जालमा यो कुराको घोषणा गरेका हुन्। तर, केही समयपछि उनले आफ्नो पोस्ट डिलिट गरे।

कुशल टन्डनले आफ्नो आधिकारिक इन्स्टाग्राम अकाउन्टको स्टोरी सेक्सनमा लेखेका थिए, 'म आफ्ना प्रियजनहरूलाई भन्न चाहन्छु कि शिवांगी र म अब सँगै छैनौं। यो घटना भएको ५ महिना भइसक्यो।' तर, उनले केही मिनेटपछि पोस्ट डिलिट गरे।

केही समय अघिसम्म, प्रेम जोडी कुशल र शिवांगी सामाजिक सञ्जालमा एकअर्कासँग जोडिएका थिए, तर ब्रेकअपको खबरको बिचमा, दुवैले एकअर्कालाई अनफलो गरेका छन्।

सन् २०२३ मा, दुवै जना टिभी कार्यक्रम बरसातेंमा सँगै देखिएका थिए। यस कार्यक्रममा काम गर्दा दुवै जना बिचको निकटता बढ्यो। दुवै जनाले प्रायः सामाजिक सञ्जालमा सँगै तस्बिरहरू सेयर गर्थे। गत वर्ष कुशलले शिवांगीसँगको तस्बिर सेयर गर्दै मे महिनामा उनको जन्मदिनको शुभकामना दिएका थिए।

यसबाहेक, कुशलले बम्बे टाइम्सलाई दिएको एक अन्तर्वार्तामा शिवांगीसँगको आफ्नो सम्बन्ध स्विकार गरेका थिए। उनले आफू प्रेममा रहेको बताएका थिए। हाल आफ्नो विवाहको कुनै योजना नभए पनि जीवनसाथीको खोजी सकिएको उनको भनाइ थियो।

शिवांगी जोशीभन्दा पहिले कुशल टन्डनले गौहर खानलाई डेट गरिसकेका थिए। दुवैको पहिलो भेट लोकप्रिय रियालिटी शो बिग बोस ७ मा भएको थियो। सोही कार्यक्रममा दुवैले एकअर्कालाई मन पराउन थाले र सम्बन्धमा बाँधिए। यो सम्बन्ध २०१२ मा सुरु भयो र २ वर्षसम्म चल्यो।

करियरको कुरा गर्ने हो भने कुशलले सन् २०११ मा टिभी शो एक हजारों मे मेरी बहना है बाट आफ्नो अभिनय करियर सुरु गरेका थिए । यसबाहेक उनी शो बेहदमा पनि देखिएका छन् ।

कुशल रियालिटी शो बिग बोस ७, नच बलिए र खतरों के खिलाडी ५ मा पनि देखिएका छन् ।

# सिम कार्डको एउटा कुना किन काटिन्छ ?

काठमाडौं । आज जोकोही मानिस स्मार्टफोन प्रयोग गर्छन् । र यसले हाम्रा धेरै काम पनि सजिला बनाएका छन् ।

स्मार्टफोनको सहयोगमा हामी घरमै बसेर विभिन्न महत्त्वपूर्ण सेवाहरू प्राप्त गर्न सकिरहेका छौं । बैंकिङ, शिक्षा, ई-वाणिज्य सबै अब स्मार्टफोनमा आइसकेका छन् । सिम कार्ड किन्दा वा स्मार्टफोनमा राख्दा तपाईंले यसको एउटा कुना काटिएको देख्नुभएको हुनुपर्छ । तर यसो किन गरिन्छ ? धेरैलाई थाहा नहुन सक्छ ।

सुरु सुरुमा सिम कार्ड काटिएका हुँदैन थिए । सिम कार्ड



नकाटी आउँदा मानिसहरूले फोनमा सिम कार्डलाई उल्टो सुल्टो तरिकाले राख्थे । यसले धेरैलाई समस्या पार्थ्यो ।


पछि टेलिकम कम्पनीहरूले यो समस्यालाई ध्यानमा राख्दै एउटा कुनाबाट सिम कार्ड काट्न थाले । एउटा कुनाबाट सिम काटेपछि मानिसहरूले स्मार्टफोनमा सजिलै सिम कार्ड घुसाउन सके ।

स्मार्टफोनको सिम कार्ड ट्रेमा पनि एक छेउबाट काटिएको हुन्छ, जसले गर्दा मानिसहरूले सिम कार्ड घुसाउँदा कुनै समस्याको भोग्नु परेन ।

यसबाहेक पछिल्ला केही वर्षहरूमा सिम कार्डको संरचनामा धेरै परिवर्तनहरू देखिएका छन् । पहिले सिम कार्डको आकार ठूलो हुन्थ्यो । अब सिम कार्डहरू धेरै साना भइसकेका छन् । फोनमा सिम कार्ड घुसाउने ठाउँ अब सानो भएको छ ।

अर्थात् सिम कार्डको काटिएको कुना एउटा 'गाइड' हो, जसले सिम कार्डलाई फोनमा सही तरिकाले राख्न मद्दत गर्छ ता कि फोनले नेटवर्कसँग सम्पर्क गर्न सकोस् र कुनै पनि क्षति नहोस् ।

# ५० वर्षपछि फेरि पर्दामा प्रदर्शन हुँदै 'शोले'




काठमाडौं । भारतको चर्चित हिन्दी चलचित्र 'शोले' लगभग ५० वर्षपछि फेरि फिल्मी पर्दामा फर्किँदैछ। शुक्रबार इटलीको बोलोनी शहरमा आयोजना हुने 'इल सिनेमा रित्रोवातो' नामक फिल्म महोत्सवमा चलचित्र विश्व प्रिमियर हुने भएको हो । प्रिमियरमा चलचित्रको अनकट संस्करण देखाइनेछ, जसमा पहिला सेन्सरले हटाएका दृश्यहरू र मूल अन्त्य समावेश गरिएको छ। सन् १९७५ मा निर्देशक रमेश सिप्पीले बनाएको यो फिल्म अहिले पनि भारतको सबैभन्दा लोकप्रिय चलचित्रमध्ये एक मानिन्छ।

चलचित्रको यो विशेष स्क्रिनिङ पियाजुजा मत्जोरेमा हुँदैछ जुन युरोपकै सबैभन्दा ठूला स्क्रिनहरूमध्ये एक भएको बीबीसी हिन्दीले जनाएको छ। फिल्म प्रेमीहरूका लागि यो क्षण निकै ऐतिहासिक र रोमाञ्चक हुने बताइएको छ।




## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्कने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## राजाजी डाँडाबाट सलहेस सर्किटसम्मः

# लहानको नयाँ पर्यटकीय सपना



लहान नगरपालिका(१६ मा अवस्थित राजाजी डाँडा अब केवल एउटा धार्मिकस्थल मात्र होइन, एक ऐतिहासिक चेतनाको प्रतीक र पर्यटकीय सम्भावना बोकेको स्थलका रूपमा परिचित हुन थालेको छ। स्थानीयवासीको अपेक्षा, धार्मिक आस्था र नगरपालिकाको योजनाबीचको समन्वयले राजाजी डाँडा एकीकृत धार्मिक पर्यटकीय केन्द्रका रूपमा विकास हुन थालेको हो।

सयौँ वर्ष पुरानो इँटाको मन्दिर, इनार र खुला डाँडामा रहेको देव हाटजस्ता चिजले राजाजी डाँडाको धार्मिक र सांस्कृतिक महत्त्वलाई अझै बलियो बनाएको छ। जहाँ स्थानीय बासिन्दा पूजापाठ, भाकल, देवता पूजाजस्ता धार्मिक गतिविधिमा सहभागी हुन्छन्। स्थानीय जनविश्वासअनुसार सङ्कटका बेला यहाँको देवता राजाजी बाबालाई पुकार्दा कल्याण हुन्छ, चिताएको पूरा हुन्छ।

लहान(१६ का वडाध्यक्ष गडुलबहादुर जर्घामगरका अनुसार पौराणिककालमा यस डाँडामा राजाको दरबार रहेको र यहीँबाट राजकाज सञ्चालन हुने गर्थ्यो भन्ने किंवदन्ती रहेको मानिन्छ। अहिले जनविश्वासमा रहेका राजा सलहेस, वस्तुतः त्यही दरबारका प्रधानमन्त्री थिए। "सलहेसका गुरु नै राजाजी थिए। जसको नाममा आज यो डाँडालाई चिनिन्छ। यही भाष्य नै जनमानसमा व्याप्त रहेको छ। यसलाई विश्वास पनि गरिन्छ र त्यसको विश्वासिलो आधार पनि भेटिन्छ", वडाध्यक्ष जर्घामगर बताउनुहुन्छ। स्थानीय वृद्धहरूका कथनअनुसार यो डाँडामा पहिले इँटाका ठूलाठूला पर्खाल थिए, जुन सयौँ वर्ष पुराना हुन्। "हामीले थाहा पाउँदासम्म हजुरबुबाको पालादेखि त्यस्तै थियो", ७३ वर्षीय वडाध्यक्ष गर्जामगर सम्झिनुहुन्छ। उहाँका अनुसार कसले र कहिले निर्माण गर्‍यो भन्नेमा अझै स्पष्टता छैन, जसकारण यसलाई पौराणिककालदेखिको संरचना मानिन्छ। कुनै लिखित दस्तावेज नभए पनि उनीहरूको कथा, कर्मकाण्ड तथा पुस्तौँदेखि चलिआएको पूजा परम्पराले यसको पौराणिक पक्षलाई स्पष्ट पार्दछ।

आज पनि ती पुराना इँटा यथावत छन्, तर संरक्षणको अभावमा अवस्था दिनप्रतिदिन जीर्ण हुँदै गएका छन्। यति पुरानो संरचना र वस्तुको अनुसन्धान पुरातत्व विभागले यथाशीघ्र प्रक्रिया अघि बढाउनुपर्ने वडाध्यक्ष गर्जामगरको मत छ। "दुर्भाग्यवश, ऐतिहासिक महत्त्व हुँदाहुँदै पनि यस क्षेत्रको प्रचारप्रसार नहुँदा यो सम्पदा लामो समयसम्म ओझेलमा रह्यो। अहिले भने स्थानीय तहको पहलमा यस क्षेत्रको विकासले गति लिन थालेको छ। हालै रु २५ लाख लागतमा राजाजी डाँडामा गहवर मन्दिर निर्माण भइसकेको छ, जसले पर्यटकलाई थप आकर्षण गर्ने विश्वास लिइएको छ", उहाँले भन्नुभयो।

राजाजी डाँडाको संरचना, सलहेससँगको सम्बन्ध र यसको पुरातात्विक सम्भावनाले यसलाई केवल सिराहा जिल्लाको मात्र होइन, सम्पूर्ण तराईको सांस्कृतिक र ऐतिहासिक धरोहर बनाउने सम्भावना देखिएको छ। पहिले यहाँ पुग्नका लागि एक घण्टाभन्दा बढी पैदल उकालो चढ्नुपर्ने बाध्यता थियो। चुरे उकाली(ओराली पार गर्दै, श्रद्धालुहरू हरेक वर्ष असारमा असारी पूजा गर्न राजाजी डाँडा पुग्थे।

यसबीचमा स्थानीयको विस्वास र आस्थालाई धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने सम्भावना देखिन थालेपछि पहिलोपटक २०७८ सालमा निवर्तमान नगरप्रमुख मुनि साहको नेतृत्वमा डाँडासम्मको ट्र्याक खोलिएको थियो। त्यसपछि चुरे फेदमा रहेको झिझरी खोला पार गरेर झण्डै पाँच किलोमिटर चुरेको उकालो हुँदै राजाजी डाँडासम्म मोटर पुग्न थालेको हो। जसले गर्दा स्थानीयलाई धार्मिक पूजापाठ गर्नलाई सहज बनाएको छ। स्थानीय देवेन्द्र यादव भन्नुहुन्छ, "डाँडासम्म जाने मोटरबाटो बन्छ भनेर कहिल्यै सोचेका थिएनौँ। अहिले ट्र्याक खुलेपछि अब बुबाआमासँगै सजिलै डाँडा पुगिन्छ। यस बाटोलाई अझ सुधार गरी व्यवस्थित गरे झन् सहज हुने थियो। आन्तरिक पर्यटनको पनि विकास हुने थियो।"

लहानस्थित पूर्वपश्चिम राजमार्गबाट करिब १५ किलोमिटर उत्तर चुरे क्षेत्रको उच्च बिन्दुमा अवस्थित राजाजी डाँडाबाट सिराहा, सप्तरी र उदयपुरका विभिन्न भूभागका समथल फाँट र भूदृश्यहरूको मनोरम दृश्य देख्न सकिन्छ। यहाँबाट देखिने हरियाली, खेतबारी, गाउँबस्ती र फाँटहरूको समिश्रित दृश्यले जोकोहीलाई मोहित तुल्याउँछ। विशेषगरी गर्मीको समयमा उखरमाउलो तातोबाट राहत खोज्न मानिस यहाँ पुग्ने गर्छन्। सबैभन्दा नजिकको उच्च बिन्दु भएकाले राजाजी डाँडा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने देखिन्छ।

यस अपूर्व सम्भावनालाई ध्यानमा राख्दै लहान नगरपालिकाले यसको पूर्वाधार विकासलाई प्राथमिकता दिएको छ। नगरप्रमुख महेशप्रसाद चौधरीका अनुसार चालु आर्थिक वर्षमा राजाजी डाँडामा रु २५ लाख लागतमा नयाँ गहवर मन्दिर निर्माण सम्पन्न भइसकेको छ भने आगामी आव २०८२/८३ मा झिँझरी खोलाबाट राजाजी डाँडासम्मको बाटोमा पैदल हिँडेर पुग्न चाहनेका लागि सिँढी निर्माण गर्न थप बजेटको व्यवस्था गरिने योजना बनाइएको छ। नगरप्रमुख चौधरी भन्नुहुन्छ, "राजाजी डाँडा आज आस्था, इतिहास र पर्यटनको त्रिवेणी बन्दै गएको छ। समयमै संरक्षण र प्रवर्द्धन गर्न सकिए यो स्थल मधेस प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य बन्नेमा कुनै शङ्का छैन। त्यसैले राजाजी डाँडालाई धार्मिक र पर्यटकीय हब बनाउने हाम्रो दीर्घकालीन योजना हो।"

राजाजी डाँडा आज एक स्थान, अनेक सम्भावना बोकेको थलो बनेको छ। धार्मिक आस्था, ऐतिहासिक गौरव, सांस्कृतिक धरोहर र प्राकृतिक सौन्दर्यको अनुपम सङ्गम बनेको छ। यसलाई संरक्षण र प्रवर्द्धन गर्न सके भविष्यमा प्रदेशस्तरको प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्ने प्रबल सम्भावना बोकेको छ। यसै हप्ताको आइतबार उक्त राजाजी डाँडा पुगेर कुँदिएको शिलालेखको उद्घाटन गरी नेपाली झण्डा फर्फराउँदै नगरप्रमुख चौधरीले भन्नुभयो, "राजाजी डाँडालाई मात्र होइन, लहानको सलहेस फूलबारी, ब्रह्मनस्थान, मानिक दह, देवी दह, हात्ती दहसँग जोडेर सलहेस सर्किट निर्माण गर्ने हाम्रो गुरुयोजना छ।"

यस योजनाअनुसार सलहेसले फूलबारीमा फूल टिप्ने, मानिक दहमा स्नान गर्ने, ब्रह्मानस्थानमा कुस्ती खेल्ने, पकडिया गढमा न्याय दिने र अन्न भण्डारण गर्ने तथा गर्मीको समयमा राजाजी डाँडामा शीतल हावा लिने कथालाई आधार बनाइन्छ। "यी सबै धार्मिक कथन र स्थानलाई जोडेर लहानलाई पर्यटकीय नगर बनाउन सकिन्छ। त्यसकै लागि अब संरचनागत विकास सुरु गरिएको हो", नगरप्रमुख चौधरीले भन्नुभयो। चुरे क्षेत्रको डाँडामा विकासको पाइलासँगै प्राकृतिक सन्तुलन र सांस्कृतिक संरक्षणलाई ध्यानमा राख्नु आवश्यक छ।

स्थानीय जनआस्था, मौलिक कथन, धार्मिक अभ्यास र पर्यटकीय सम्भावनाको सङ्गम रहेको यो क्षेत्रलाई सन्तुलित विकासमार्फत नेपालकै उदाहरणीय धार्मिक(पर्यटकीय गन्तव्य बनाउन सकिन्छ भन्ने विश्वास नगरपालिकाले लिएको छ। सलहेससँग जोडिएको पौराणिक कथा, पुराना संरचना र चुरे क्षेत्रको प्राकृतिक सौन्दर्यतालाई जोडेर यसलाई अद्वितीय बनाएको छ। पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकारले घोषणा गरेको बृहत् सलहेस पर्यटकीय क्षेत्रअन्तर्गतका सलहेस फूलबारी, पकडियागढ, देवीदह र ब्रह्माण फूलबारी सांस्कृतिक सम्पदाभित्र सूचीकृत गरिसकिएको छ। यी सम्पदाको संरक्षण र प्रवर्द्धनमार्फत यस क्षेत्रको सांस्कृतिक पुनर्जागरण, मौलिक संस्कृतिको यात्रा र स्थानीय पहिचानको पुनर्निर्माणको अवसर देखिएको छ।

***सलहेस फूलबारी***

प्रेमको प्रतीक भई नयाँ वर्षका दिन मात्र फुल्ने माला आकारका सुनाखरी फूल हेर्न र मन्दिरमा पूजापाठ गर्न ऐतिहासिक धार्मिक पर्यटकीय क्षेत्र सलहेस फूलबारीमा वैशाख १ गते भव्य मेला लाग्ने गर्दछ। लहान नगरपालिका वडा नं १२ र २२ मा पर्ने यस फूलबारीमा हरेक वर्ष वैशाख १ गते फुल्ने सुनाखरी फूललाई सलहेस बाबा र मालिनीको मिलनको प्रतीक मानिन्छ। पुराना किंवदन्तीअनुसार यो फूलबारी सलहेसको दरबार क्षेत्रभित्र पर्थ्यो। अहिले पनि यहाँ लाखौँ श्रद्धालु भेला हुने फूलबारी मेला लाग्छ, जसले यसलाई जीवित सांस्कृतिक सम्पदाका रूपमा चिनाउँछ। फूलबारी मेला तराईको मौलिक सांस्कृतिक सम्पदाको जीवित उदाहरण हो, जहाँ लाखौँ श्रद्धालु जम्मा हुन्छन्। यसको संरक्षण र प्रवर्द्धनले स्थानीय पहिचान र सांस्कृतिक गर्वलाई अझ बलियो बनाउन सक्नेछ। सलहेस तराईका पासवान जातिको इष्टदेव रहेको र चौधौँ शताब्दीका लोकनायक भएकाले सलहेसको पूजाअर्चना गर्नाले सन्तानप्राप्ति, चर्मरोग, कुष्ठरोगलगायत समस्या हरण हुने जनविश्वास पनि छ।

***पकडियागढ***

लहान नगरपालिका(१८ मा अवस्थित पकडियागढ ऐतिहासिक, धार्मिक र सांस्कृतिक दृष्टिले महत्त्वपूर्णस्थल हो, जुन सलहेस सर्किटअन्तर्गत पर्दछ। हरेक वर्ष वैशाख २ गते यहाँ लाग्ने मेलामा नेपालका विभिन्न भूभागसहित छिमेकी भारतबाट पनि हजारौँ दर्शनार्थी भेला हुने गर्छन्। जनश्रुतिअनुसार, यो स्थल प्राचीन समयमा राजा कुलेश्वरको दरबार रहेको थियो। राजाकी छोरी चन्द्रावती यही फूलबारीमा डुल्ने गरेको विश्वास गरिन्छ। मेलाको विशेष आकर्षण भनेको चोहरमलले खनेको भनिने सुरुङ, जसलाई हेर्न आउनेहरूको भीड लाग्ने गर्छ।

पकडियागढ परिसरभित्र रहेको सार्वजनिक पोखरी संरक्षणको अभावमा विगतमा जीर्ण अवस्थामा पुगेको थियो। फोहर र संरचनात्मक बेवास्ताका कारण त्यहाँको आगमन घट्दो थियो। तर, पछिल्लो समय मधेस प्रदेश सरकारको सौन्दर्यकरण योजनाअन्तर्गत रु ४० लाखको लागतमा पोखरीको पूर्व र दक्षिणतर्फ घाट निर्माण, बाउण्ड्री वाल, स्टेडियम लाइट र मन्दिर परिसरमा पिसीसी ढलानजस्ता संरचना निर्माण गरिएको छ। यसले गर्दा विवाह, व्रतबन्धजस्ता सामाजिककार्य सहज भएका छन् र साथसाथै पोखरीको संरक्षण र धार्मिक पर्यटन प्रवर्द्धनमा पनि टेवा पुगेको छ।

***देवीदह***

लहान नगरपालिका(१७ मा अवस्थित एक ऐतिहासिक, प्राकृतिक र धार्मिक दृष्टिले पूजनीय स्थान हो देवीदह। पूर्वपश्चिम राजमार्गबाट करिब छ किलोमिटर उत्तरमा रहेको यो दह सिराहा र सप्तरीलाई छुट्याउने बलान नदी किनारमा फेला पर्छ। स्थानीय जनश्रुतिअनुसार त्रेतायुगीन समयदेखि यहाँको पानीमा स्नान गर्दा रोगव्याधि हटेर जान्छ भन्ने विश्वास गरिन्छ। त्यस्तै, मनमा उत्पन्न हुने शङ्काले भरिएको घाउ निको हुने विश्वास व्यापक छ। तर, बजेट अभावमा पोखरीको संरक्षण, सवर्द्धन तथा वरिपरिका भौतिक संरचना जीर्ण बन्दै गएको छ। यस दहको धार्मिक तथा पर्यटकीय महत्वलाई पुनर्स्थापित गर्न सरकार र स्थानीय तहबाट बजेट र पहल आवश्यक छ।

***मानिक दह***

लहान नगरपालिका(२४ मा अवस्थित मानिक दह केवल प्राकृतिक जलासयमात्र होइन, सलहेस सर्किटअन्तर्गत पर्ने एक प्राचीन धार्मिक तीर्थस्थल हो। जुन विशेषतः सलहेससँग जोडिएको पौराणिक विश्वासका कारण स्थानीय जनजीवनमा गहिरो आस्था बोकेको छ।

जानकारका अनुसार सलहेस बाबा यही दहमा स्नान गर्ने गर्दथे भन्ने धार्मिक विश्वास छ। यही कारणले हरेक वर्ष वैशाख १ गते यहाँ बृहत्तर मेला लाग्ने गर्छ, जहाँ सिराहा, सप्तरी, उदयपुरलगायत तराईका विभिन्न जिल्लाबाट हजारौँ श्रद्धालुको आगमन हुन्छ। मानिक दह करिब १७ बिघामा फैलिएको विशाल जलासय हो। चारैतिर हरियाली, मन्दिर र पवित्रताले भरिएको यो स्थलले धार्मिकमात्र होइन, प्राकृतिक सौन्दर्यको अनुभव पनि प्रदान गर्छ। दहको दक्षिणी भागमा डिहबारको मन्दिर, घाट निर्माण र डिल ( किनारा) मर्मतका लागि हालसम्म रु ७० लाखभन्दा बढी नगरको बजेट खर्च भइसकेको छ। साथै पश्चिम भागमा सलहेस मन्दिर निर्माण गरिएको छ, जसले यस क्षेत्रको धार्मिक पहिचानलाई थप मजबुत बनाएको छ। यहाँको पानीमा स्नान गरेपछि रोगव्याधि हट्ने र भाकल गरेमा मनोकामना पूरा हुने जनविश्वासले मानिक दहलाई स्थानीय धार्मिक आस्थाको केन्द्र बनाएको छ।

***राजदेवी मन्दिर***

त्यसैगरी, नगरपालिकाको १५ नं वडामा अवस्थित राजदेवी माताको मन्दिर भाकल पूरा गर्ने भगवती देवीस्थानको रूपमा परिचित छरु। वैशाख पूर्णिमाका दिन बोकासहित चार प्रकारका पशुपन्छीको बलि दिइन्छ, जसमा १० हजारदेखि २० हजार बोकासम्म बलि दिने चलन छ। रुउक्त मन्दिरमा बली चढाए भाकल पूरा हुने जन विश्वास रहेको छ। स्थानीय र प्रदेश सरकारले सडक सुगम( बनाउने, धर्मशाला र पार्क निर्माण साथै मन्दिर परिसरको सौन्दर्यीकरणमा काम गरिरहेको छ।

स्थानीय, प्रदेश तथा नेपाल सरकार र यस क्षेत्रमा क्रियाशील सरोकारवाला सङ्घसंस्थाले लहानको पर्यटकीय नगरी 'सलहेस सर्किट'को व्यवस्थापनका लागि एकीकृत गुरुयोजना बनाएर काम गर्नसके आन्तरिक एवं बाह्य पर्यटकलाई आकर्षित गरी व्यापारिक तथा धार्मिक दृष्टिले समुचित लाभ लिन सकिने भएकाले यस क्षेत्रमा उचित ध्यान दिनुपर्ने मानवअधिकारकर्मी राजकुमार राउतको भनाइ छ।

"एउटै नगरपालिकाभित्र यति धेरै ऐतिहासिक र पुरातात्विक स्थल हुनु नै लहानको धार्मिक पर्यटन सम्भावनाको प्रमाण हो", राउतले भन्नुभयो, "यदि लहान नगरपालिकाले यी सम्पदाको संरक्षण र समुचित विकास गर्न सके, यो नगरपालिका निकट भविष्यमा देशकै एक समृद्ध धार्मिक(पर्यटकीय गन्तव्य बन्नेछ।"

रासससबाट

# पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सक्रिय राजनीतिमा पुन:प्रवेश संकेत, एमाले सचिवालयभित्रै विवाद

दैनिक समाचारदाता

काठमाडौं, १३ असार । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी शनिबार राष्ट्रिय सभागृहबाट सक्रिय राजनीतिमा फर्कने संकेत दिने तयारीमा छिन्। एमाले नेता तथा स्वर्गीय मदन भण्डारीको ७४औं जन्मजयन्तीको अवसरमा आयोजना गरिएको कार्यक्रमलाई राजनीतिक पुन:प्रवेशको मंच बनाउने संकेत भण्डारीनिकट श्रोतहरूले दिएका छन्।

कार्यक्रमको पूर्वसन्ध्यामा उनका समर्थकहरूले 'विद्या भण्डारीलाई स्वागत गरौं' भन्ने नारा सहितका पोस्टर सार्वजनिक गर्दै प्रचारप्रसार तीव्र बनाएका छन्। एमालेको भावी अध्यक्षको रूपमा उनी प्रस्तुत हुने सम्भावना रहेको उनीहरूको दाबी छ।

***संस्थापन पक्षको रोकथाम प्रयास***

पूर्वराष्ट्रपति भण्डारीको सम्भावित सक्रियताले एमालेभित्र तरंग सिर्जना गरेको छ। पार्टीको संस्थापन पक्षले भण्डारीको कार्यक्रम कमजोर पार्ने रणनीतिअनुसार काठमाडौं लगायत विभिन्न स्थानमा मदन भण्डारीमाथि विमर्श, वृक्षारोपण, प्रभातफेरी, अन्तर्क्रिया जस्ता कार्यक्रमहरू शनिबारकै दिन आयोजना गरेका छन्।

भण्डारी निकट एक नेताका अनुसार, "सभा गृहको कार्यक्रम कमजोर पार्नैका लागि अन्यत्र कार्यक्रम ओइरो लगाइएको हो। यद्यपि, हाम्रो कार्यक्रममा



जनसहभागिता कमजोर हुन दिँदैनौं।"

विशेषगरी सम्पर्क मञ्च र अनेरास्ववियुजस्ता भ्रातृ संगठनमार्फत अन्यत्र कार्यक्रम तय गरिएको छ। अनेरास्ववियुको बैठक धुलिखेलमा, उपत्यका विशेष कमिटीको आयोजनामा संवाद कार्यक्रम काठमाडौंमै राखिएको छ।

***सचिवालय बैठकमै रोक्ने प्रस्ताव***

पूर्वराष्ट्रपति भण्डारीको पुन: राजनीतिक प्रवेशलाई रोक्न एमाले महासचिव शंकर पोखरेलले सचिवालय बैठकमै विधान संशोधनको प्रस्ताव राखेका थिए। उनले भने, "पूर्वराष्ट्रपति पार्टी नेतृत्वमा आए गणतन्त्रमाथि प्रश्न उठ्न सक्छ। यस्तो अवस्थामा पार्टीको विधानमै व्यवस्था गरेर रोक्नुपर्छ।"

तर उपाध्यक्ष सुरेन्द्र पाण्डे, सचिवहरू गोकर्ण विष्ट, छबिलाल विश्वकर्मा, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल लगायतका नेताहरूले उक्त प्रस्तावप्रति स्पष्ट असहमति जनाए। ईश्वर पोखरेलले भने, "व्यक्तिलाई लक्षित गरेर विधान परिवर्तन गर्नु गलत परम्परा हो। यसरी त पार्टी अराजक बन्छ।"

***अध्यक्ष ओलीको स्पष्ट प्रतिक्रिया***

महासचिव पोखरेलको प्रस्तावको विपक्षमा वातावरण बनेपछि अध्यक्ष केपी शर्मा ओलीले पनि प्रत्यक्ष रूपमा समर्थन जनाएनन्। उनले भने, "पूर्वराष्ट्रपतिले सक्रिय राजनीतिमा फर्किने इच्छा व्यक्त गर्नुभएको हो, तर अध्यक्ष बन्ने भन्ने कुरा अहिलेको एजेन्डा होइन। राजनीति गर्न नरोकिने अधिकार हरेक नागरिकसँग हुन्छ।"

ओलीका अनुसार, यदि पार्टी पदमा पुग्नुपर्ने हो भने त्यो निर्धारित प्रक्रिया अनुसार हुने हो।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको संभावित पुन: राजनीतिमा प्रवेशले एमालेभित्रै शक्ति संघर्षलाई पुन: उकासेको छ। शनिबारको कार्यक्रम सिर्जनात्मक उदघोष हो वा विवादको नयाँ प्रारम्भ, त्यो सहभागी संख्या र राजनीतिक प्रतिक्रियाबाट प्रष्ट हुनेछ। तर, यो स्पष्ट छ–एमालेमा नेतृत्वको बहस अब चर्किँदै जान्छ।

## आज तीनवटा प्रदेशमा भारी वर्षा हुने

दैनिक समाचारदाता

काठमाडौं १३ असार । शनिबारदेखि तीनवटा प्रदेशमा भारी वर्षा हुने हुने भएको छ। मौसम पूर्वानुमान महाशाखाले मनसुन विशेष मौसम बुलेटिन जारी गरेर हाल मनसुनको न्यून चापीय रेखा पूर्वमा सरदर स्थानमा तथा पश्चिममा सरदर स्थानबाट दक्षिणतर्फ अवस्थित रहेको र शनिबार साँझबाट उक्त रेखा सरदर स्थानबाट उत्तर तर्फ पश्चिम नेपालको केही नजिक सर्ने सम्भावना देखिएको जनाएको छ।

उक्त प्रभावले कर्णाली प्रदेशको पहाडी भूभाग, सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका पहाडी र तराईका भूभागमा मनसुन सक्रिय हुने सम्भावना रहेको जनाएको हो।

महाशाखाका अनुसार बंगालको खाडी तथा अरबको सागरबाट प्रवाह हुने जलवाष्पयुक्त हावाको साथै त्यस क्षेत्रहरूमा न्यून चापीय प्रणालीको प्रभावको कारण असार १४ गते शनिबार साँझदेखि सोमबार बिहानसम्म कर्णाली प्रदेशको पहाडी भूभाग, सुदुरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका पहाडी र तराईका भूभागका थोरै स्थानहरूमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ। साथै अन्य प्रदेशको पहाडी भूभागका एक(दुई स्थानमा समेत भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ। सम्भावित वर्षाको कारणले भूक्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेकोले सहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी क्षेत्र आसपासका निर्माण कार्य, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउनु हुन सर्वसाधारण तथा सबै सरोकारवाला निकायहरूमा महाशाखाले जनाएको छ।

# माधव नेपालविरुद्ध भ्रष्टाचार मुद्दा कानुनी नभएर राजनीतिक : नेता पाण्डे



दैनिक समाचारदाता

काठमाडौं, १३ असार । नेकपा (एकीकृत समाजवादी)का नेता सोमप्रसाद पाण्डेले अध्यक्ष माधव नेपालविरुद्ध पतञ्जली जग्गा प्रकरणबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चलाएको मुद्दा कानुनी नभई राजनीतिक रहेको निष्कर्षमा पार्टी पुगेको बताएका छन् ।

शुक्रबार पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा बसेको सचिवालय बैठकले अध्यक्ष नेपालविरुद्ध लगाइएको मुद्दा अस्वाभाविक र राजनीतिक आग्रह प्रेरित रहेको ठहर गरेको उनले जानकारी दिए ।

नेता पाण्डेका अनुसार बैठकले पतञ्जलि प्रकरणमा अध्यक्ष नेपालमाथि नभई पतञ्जलिमाथि छानबिन हुन आवश्यक रहेको पनि निष्कर्ष निकालेको बताए ।

'अख्तियारले अध्यक्ष नेपालले आफूमाथि लागेको मुद्दा र त्यसको प्रतिरक्षा कसरी भइरहेको छ भन्ने विषयमा नेताहरूलाई जानकारी गराउनुभयो,' उनले भने, 'यसपछि के गर्ने विषयमा पनि हामीले छलफल गर्‍यौं । हामी यो कानुनीभन्दा पनि राजनीतिक मुद्दा हो भन्ने निष्कर्षमा पुगेका छौं ।'

पाण्डेले अध्यक्ष नेपालमाथिको मुद्दा समग्र कम्युनिस्ट आन्दोलनमाथिकै प्रहार रहेको समेत बताए । 'अख्तियारले नै २०६९ सालमा यो मुद्दालाई तामेलीमा राखेको छ । बरु के भनेको छ भने मन्त्रिपरिषद्ले जुन पतञ्जलिलाई जग्गा किनबेच दियो, त्यसको लागि पाँच वर्षको समय तोकेको रहेछ । त्यो विषयमा पतञ्जलीले कार्यान्वयन गरोस् भनेर मालपोत कार्यालय काभ्रेलाई जिम्मा दिएको रहेछ,' उनले भने ।

## सरकारप्रति.....


आइतबार बस्ने मोर्चाको बैठकले आन्दोलनका कार्यक्रमहरू तय गर्नेछ। "सरकार छाड्ने वा नछाड्ने भन्ने विषयमा अझै छलफल नभए पनि सरकारको कामप्रति असन्तुष्टि सबै दलमा साझा छ," उनले भने।

मोर्चामा रहेका सातमध्ये चार दल संघीय संसद्मा प्रतिनिधित्व गर्छन्। जसपा नेपालले औपचारिक रूपमा समर्थन फिर्ता दिने तयारी गरिरहेकै बेला जनमत पार्टी, लोसपा र नागरिक उन्मुक्ति पार्टीले पनि सरकारप्रति आलोचनात्मक धारणा लिएका छन्।

मधेस आन्दोलन, शान्ति सम्झौता र संविधान संशोधनजस्ता विषयहरूलाई बारम्बार उठाउँदै आएका यी दलहरूले अब सरकारमा सहभागिता पुन: विचार गर्ने चेतावनी दिएका छन्।

तराई-मधेस केन्द्रित दलहरू सरकारसँगको दूरी बढाउँदै आन्दोलनतर्फ उन्मुख भएका छन्। यदि सरकारद्वारा स्पष्ट पहल नभए राजनीतिक स्थिरता फेरि एकपटक चुनौतीमा पर्न सक्ने संकेत देखिएको छ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



मधेश सरकार
ऊर्जा, सिचाई तथा खानेपानी मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

जनचेतनामूलक सूचना

"पानी जीवन हो – यसलाई जोगाऔं, बचाऔं"

- जलस्रोत र नदीनालाको मुहान संरक्षण हाम्रो कर्तव्य हो ।
- इनार, कुवा, धारा, तलाउ, पोखरी जस्ता प्राकृतिक जलस्रोतहरू संरक्षण गरौं।
- ट्युवेल, कुलो, पानी ट्यांकी तथा सिँचाइ नहरहरूको नियमित सफाइ गरौं।
- वर्षातको पानी जम्ने व्यवस्था मिलाएर भूजल भण्डार संरक्षण गरौं।
- सफा र उमालिएको पानी मात्र पिउनुहोस् ।
- खाना खानुअघि र शौचालय पछि साबुन पानीले हात धुनुहोस् ।




मधेश सरकार
ऊर्जा, सिचाई तथा खानेपानी मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

जनहितमा जारी सन्देश

"पानी जीवन हो – यसलाई जोगाऔं, बचाऔं"





- सफा र उमालिएको पानी मात्र पिउनुहोस् ।
- खाना खानुअघि र शौचालय पछि साबुन पानीले हात धुनुहोस्।
- पानी बचत गरौं, भोलीको लागि सुरक्षित गरौं ।
- जलस्रोत र नदीनालाको मुहान संरक्षण हाम्रो कर्तव्य हो ।
- इनार, कुवा, तलाउ, पोखरी जस्ता प्राकृतिक जलस्रोतहरू संरक्षण गरौं।
- वर्षातको पानी जम्ने व्यवस्था मिलाएर भूजल भण्डार संरक्षण गरौं।
- ट्युवेल, कुलो, पानी ट्यांकी तथा सिँचाइ नहरहरूको नियमित सफाइ गरौं।
- जलश्रोतमा फोहोर फाल्ने, साबुन/केमिकल हाल्ने काम नगरौं ।


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४